नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौं

**युवा पत्रकारिता पुरस्कारको लागि मनोनयन पत्र पेश गर्ने सम्बन्धी सूचना।**

(प्रकाशित मिति २०८१/०९/२४)

पत्रकारिताको माध्यमबाट नेपालको युवा विकासमा महत्वपूर्ण योगदान पु¥याएका नेपाली पत्रकारहरूलाई यस मन्त्रालयबाट आर्थिक वर्ष २०८१/८२ मा प्रदान गरिने युवा पत्रकारिता पुरस्कारको लागि युवा पत्रकारिता पुरस्कार कार्यविधि (पहिलो संशोधन), २०७५ को अनूसुचि १ बमोजिमको फारम भरी सो फारम अनुसारको विवरणलाई पुष्टि गर्ने कागजातहरू समेत संलग्न राखी पत्रकार आबद्ध संस्था वा २ जना वरिष्ठ पत्रकारको सिफारिस सहित यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र यस मन्त्रालयमा दर्ता गराउनु हुन वा यस मन्त्रालयको इमेल info@moys.gov.np मा पठाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ। यस सम्बन्धी थप जानकारीको लागि यस मन्त्रालयको वेबसाइट www.moys.gov.np मा राखिएको युवा पत्रकारिता पुरस्कार (पहिलो संशोधन) कार्यविधि, २०७५ हेर्नुहुन र मन्त्रालयको फोन नं. ०१-४२००५४४ मा सम्पर्क गर्नु हुन समेत सूचित गरिएको छ।

# युवा पत्रकारिता पुरस्कार कार्यविधि, २०७५

पहिलो संशोधनः २०७९।०४।३१

**प्रस्तावना**: पत्रकारिताको माध्यमबाट...▪ युवाको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउने नेपाली पत्रकारहरूलाई पुरस्कृत गर्ने प्रकृयालाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम ""युवा पत्रकारिता पुरस्कार कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "पत्रकार" भन्नाले ...▪छापा तथा विद्युतीय माध्यम (अनलाइन माध्यमसमेत) बाट युवाको क्षेत्रमा पत्रकारिता गर्ने व्यक्तिलाई सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकारको युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनु पर्छ।

(ग) "युवा पत्रकारिता पुरस्कार" भन्नाले दफा ३ बमोजिमको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउने पत्रकारलाई प्रदान गरिने पुरस्कारलाई सम्झनु पर्छ।

(घ) "विशेष प्राथमिकताको समूह" भन्नाले द्वन्द्व पीडित, जोखिममा परेका, अपाङ्गता भएका, सीमान्तकृत, लोपोन्मुख, अल्पसङ्ख्यक दलित, मुस्लिम समुदायका, कर्णाली तथा पिछडिएको क्षेत्रका युवालाई सम्झनु पर्छ।🕮

(ङ) "समिति" भन्नाले दफा ५ बमोजिमको युवा पत्रकारिता पुरस्कार सिफारिस समितिलाई सम्झनु पर्छ।

## परिच्छेद -२
## युवा पत्रकारिता पुरस्कारको क्षेत्र र छनौटका आधार

३. **युवा पत्रकारिता पुरस्कारको क्षेत्र** : युवा पत्रकारिता पुरस्कारको क्षेत्र देहाय बमोजिम हुनेछः-

(क) छापा, (दैनिक, साप्ताहिक, पाक्षिक, मासिक र अन्य पत्रपत्रिका),

(ख) श्रव्य (रेडियो, एफ.एम. रेडियो),

(ग) श्रव्यदृश्य (टेलिभिजन),

---

▪ पहिलो संशोधनद्वारा झिकिएको (नेपालको)।

▪ पहिलो संशोधनद्वारा झिकिएको (यस कार्यविधिको प्रयोजनको लागि)।

🕮 पहिलो संशोधनद्वारा थप।

(घ) अनलाइन सञ्चार माध्यम।

४. **छनौटका आधार**: (१) दफा ३ मा उल्लिखित क्षेत्रहरुमध्ये युवा पत्रकारिता पुरस्कारको लागि छनौटका न्यूनतम आधारहरु देहाय बमोजिम हुनेछन्:-

(क) युवाका सवाल, युवाका अधिकार, कर्तव्य, उद्यमशीलता, स्वरोजगार, स्वयंसेवा, सहभागिता, सकारात्मक सोच प्रवाह लगायतका क्षेत्रमा पत्रकारिताको माध्यमबाट योगदान पुऱ्याएको,

(ख) युवा पत्रकारिता क्षेत्रमा कम्तिमा तीन वर्ष निरन्तर क्रियाशील रहेको📖,

(ग) ...▪प्रेस काउन्सिल नेपाल तथा नेपाल पत्रकार महासंघबाट 📖कुनै कारवाहीमा नपरेको,

(घ) कुनै फौजदारी अभियोगमा दोषी नठहरिएको📖,

(ङ) सरकारी पेश्की तथा बेरुजु नरहेको।

*(२) उपदफा (१) का आधारमा पूर्व छनौट भएका युवा पत्रकारलाई देहाय बमोजिमको आधारमा मूल्याङ्कन गरिनेछः-

| क्र.सं. | मूल्याङ्कनको आधार | पूर्णाङ्क |
|---|---|---|
| (क) | युवा जागरण, श्रमको सम्मान र सकारात्मक सोच प्रवर्द्धन तथा सामाजिक विकृति, विसङ्गति, विभेद न्यूनीकरण, सामाजिक सद्भाव र शान्ति निर्माणका सवालमा पत्रकारिताको माध्यमबाट सहयोग पुऱ्याएको | १६ |
| (ख) | युवा विकासका सवालमा उपलब्ध अवसर र सम्भावना उजागर गरेको | १६ |
| (ग) | युवा उद्यमशीलता विकास, रोजगारी/स्वरोजगारीका सवालमा पत्रकारिता मार्फत योगदान पुऱ्याएको | १६ |
| (घ) | पत्रकारिताको माध्यमबाट विशेष प्राथमिकताका समूहका युवाको विकासमा क्रियाशील रहेको | १६ |
| (ङ) | युवा पत्रकारिताको क्षेत्रमा निरन्तर क्रियाशील रहेको | २० |
| (च) | दुर्गम तथा पिछडिएको क्षेत्रमा रहेर पत्रकारिताको माध्यमबाट युवा विकासको क्षेत्रमा क्रियाशील रहेको | १६ |
| | जम्मा | १०० |

📖(३) उपदफा (२) को मूल्याङ्कनको आधारको खण्ड (क), (ख), (ग) र (घ) बमोजिम अङ्क प्रदान गर्दा देहाय बमोजिमको आधारमा अङ्क विभाजन गरी आवेदकले उपलब्ध गराएको सम्पादित कार्यको विद्युतीय तथा मुद्रित प्रतिका आधारमा अङ्क प्रदान गरिनेछ।

---

📖 पहिलो संशोधनद्वारा थप।

▪ पहिलो संशोधनद्वारा झिकिएको

📖 पहिलो संशोधनद्वारा थप।

📖 पहिलो संशोधनद्वारा थप।

* पहिलो संशोधनद्वारा संशोधित।

📖 पहिलो संशोधनद्वारा थप।

तर एउटै विद्युतीय तथा मुद्रित सामग्री बापत एकभन्दा बढी आधारमा अङ्क प्रदान गरिने छैन।

(क) सामान्य समाचार बापत जम्मा २ अङ्क -

(अ) एउटा विद्युतीय वा मुद्रित सामग्री बापत ०.५ अङ्क,

(आ) दुईटा विद्युतीय वा मुद्रित सामग्री बापत १ अङ्क,

(इ) तीनवटा विद्युतीय वा मुद्रित सामग्री बापत १.५ अङ्क,

(ई) तीनभन्दा बढी विद्युतीय वा मुद्रित सामग्री बापत २ अङ्क।

(ख) गहन वा खोजमूलक समाचार बापत जम्मा ६ अङ्क -

(अ) एउटा विद्युतीय वा मुद्रित सामग्री बापत १.५ अङ्क,

(आ) दुईटा विद्युतीय वा मुद्रित सामग्री बापत ३ अङ्क,

(इ) तीनवटा विद्युतीय वा मुद्रित सामग्री बापत ४.५ अङ्क,

(ई) तीनभन्दा बढी विद्युतीय वा मुद्रित सामग्री बापत ६ अङ्क ।

(ग) फिचर बापत जम्मा ५ अङ्क -

(अ) एउटा विद्युतीय वा मुद्रित सामग्री बापत १.२५ अङ्क,

(आ) दुईटा विद्युतीय वा मुद्रित सामग्री बापत २.५ अङ्क,

(इ) तीनवटा विद्युतीय वा मुद्रित सामग्री बापत ३.७५ अङ्क,

(ई) तीनभन्दा बढी विद्युतीय वा मुद्रित सामग्री बापत ५ अङ्क ।

(घ) तस्बिर/अन्तर्वार्ता/लेख बापत जम्मा ३ अङ्क -

(अ) एउटा विद्युतीय वा मुद्रित सामग्री बापत ०.७५ अङ्क,

(आ) दुईटा विद्युतीय वा मुद्रित सामग्री बापत १.५ अङ्क,

(इ) तीनवटा विद्युतीय वा मुद्रित सामग्री बापत २.२५ अङ्क,

(ई) तीनभन्दा बढी विद्युतीय वा मुद्रित सामग्री बापत ३ अङ्क ।

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि,-

**अन्तर्वार्ता** भन्नाले सम्बन्धित विषयमा केन्द्रित रहेर विषय विज्ञ, सम्बन्धित विषय कार्यान्वयन गर्न नीति निर्माण र कार्यान्वयन तहमा रहेका व्यक्तिसँग गरिएको प्रत्यक्ष वा अप्रत्यक्ष कुराकानीलाई सम्झनु पर्छ।

**गहन वा खोजमूलक समाचार** भन्नाले विभिन्न क्षेत्र र भूगोलमा युवाले गरेका उदाहरणीय कार्य एवं सफलताका दृष्टान्तहरूको स्थलगत रिपोर्टिङ्ग, सबै तहका सरकारका युवा सम्बन्धी नीति तथा कार्यक्रम, तिनको कार्यान्वयन र उपलब्धि तथा समस्या र समाधानका विषयमा खोजमूलक, अनुसन्धानात्मक एवं विवेचनात्मक रूपमा प्रस्तुत सामग्रीहरूलाई सम्झनु पर्छ।

**तस्बिर** भन्नाले सम्बन्धित विषयसँग सान्दर्भिक फोटोलाई सम्झनु पर्छ।

**फिचर** भन्नाले सम्बन्धित विषयमा सामान्य वा औपचारिक समाचारभन्दा भिन्न किसिमले कलात्मक एवम् नाटकीय रूपमा पढ्न वा सुन्न विशेष चाख वा अभिरुचि हुने गरी तयार पारिएको समाचार सामग्रीलाई सम्झनु पर्छ।

**लेख** भन्नाले सम्बन्धित विषयमा सम्बन्धित पत्रकारले तयार पारेको विशेष लेखलाई सम्झनु पर्छ।
**सामान्य समाचार** भन्नाले सम्बन्धित विषयमा तयार पारिएको घटना प्रधान वा औपचारिक गतिविधिलाई सम्झनु पर्छ।

(४) उपदफा (२) को मूल्याङ्कनको आधारको खण्ड (ङ) बमोजिमको आधारमा अङ्क प्रदान गर्दा देहाय बमोजिमको आधारमा गरिनेछः-

(क) कार्यरत अवधि ५ वर्षसम्मलाई १० अङ्क,

(ख) ५ वर्षदेखि १० वर्षसम्मलाई १५ अङ्क र

(ग) १० वर्षभन्दा बढीलाई २० अङ्क।

(५) उपदफा (२) को मूल्याङ्कनको आधारको खण्ड (च) बमोजिमको आधारमा अङ्क प्रदान गर्दा देहाय बमोजिमको आधारमा गरिनेछः-

(क) काठमाडौं उपत्यकामा कार्यरत पत्रकारलाई १० अङ्क,

(ख) काठमाडौं उपत्यकाभन्दा बाहिर कार्यरत पत्रकारलाई १३ अङ्क र

(ग) कम्तिमा एक वर्षदेखि निरन्तर रूपमा दुर्गम तथा पिछडिएको क्षेत्रमा कार्यरत पत्रकारलाई १६ अङ्क।

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि दुर्गम तथा पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लालाई सम्झनु पर्छ।

## परिच्छेद-३
## छनौटको प्रकृया

५. **युवा पत्रकारिता पुरस्कार सिफारिस समिति** : (१) युवाको क्षेत्रमा महत्वपूर्ण योगदान गर्ने पत्रकारहरूमध्ये उत्कृष्ट पत्रकारहरूको नाम सिफारिस गर्न देहाय बमोजिमको युवा पत्रकारिता पुरस्कार सिफारिस समिति रहनेछः-

(क) मन्त्रालयको सचिव -संयोजक

(ख) मन्त्रालयको युवा तथा प्रशासन महाशाखाको सहसचिव - सदस्य

(ग) प्रतिनिधि, नेपाल पत्रकार महासंघ - सदस्य

(घ) प्रतिनिधि (उपसचिव), सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - सदस्य

(ङ) प्रतिनिधि (उपसचिवसरह), प्रेस काउन्सिल नेपाल - सदस्य

(च) सम्बन्धित कार्यक्रम हेर्ने शाखाको प्रमुख -सदस्य सचिव

(२) समितिले यस कार्यविधिमा उल्लेख भएबाहेक अन्य कार्यविधि आफैं व्यवस्थित गर्न सक्नेछ।

(३) समितिले आवश्यकता अनुसार बढीमा तीन जनालाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

---

पहिलो संशोधनद्वारा थप।
पहिलो संशोधनद्वारा थप।
पहिलो संशोधनद्वारा थप।
पहिलो संशोधनद्वारा थप।

६. **युवा पत्रकारिता पुरस्कार तथा सम्मानको लागि छनौट प्रक्रिया**: (१) मन्त्रालयले प्रत्येक आर्थिक वर्षमा युवा पत्रकारिता पुरस्कारको लागि मन्त्रालयको वेबसाइट www.moys.gov.np मा तीस दिनको म्याद दिई सूचना प्रकाशन गर्नेछ । सो सूचनाको जानकारी प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासंघलाई समेतलाई पठाउनु पर्नेछ।

📖(२) उपदफा (१) बमोजिम आवेदन पेश गर्न दिइएको अवधिभित्र आवश्यक संख्यामा आवेदन नपरेमा मन्त्रालयको वेबसाइटमा पन्ध्र दिनको म्याद थप गरी पुनः सूचना प्रकाशन गरिनेछ।

(३) आवेदकले तोकिएको म्यादभित्र आफू आबद्ध संस्था वा दुईजना बरिष्ठ पत्रकारको सिफारिससहित अनुसूची-१ बमोजिमको ढाँचामा मन्त्रालयमा आवेदन दिनु पर्नेछ। सो आवेदन मन्त्रालयको इमेल info@moys.gov.np मार्फत पनि दिन सकिनेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त आवेदन सहितको विवरण मूल्याङ्कनका लागि समितिमा पेश गरिनेछ।

(५) समितिले दफा ४ को उपदफा (१) बमोजिमको न्यूनतम योग्यता पुगेका पत्रकारहरूको दफा ४ को उपदफा (२) बमोजिमको आधारमा मूल्याङ्कन गर्नु पर्नेछ।

(६) समितिले दफा ४ को उपदफा (२) बमोजिमको मूल्यांकन तालिकाको आधारमा अधिकतम अंक प्राप्त गर्ने कम्तिमा एकजना महिलासहित चारजना उत्कृष्ट पत्रकारहरुलाई पुरस्कार प्रदान गर्न मन्त्रालय समक्ष सिफारिस गर्नेछ।

तर महिला पत्रकारको आवेदन नपरेमा वा आवेदन परेका महिला पत्रकारको दफा ४ को उपदफा (१) बमोजिमको न्यूनतम योग्यता नपुगेमा आवेदन परेकामध्ये उत्कृष्ट अङ्क प्राप्त गर्ने पत्रकारलाई पुरस्कार दिन बाधा पर्ने छैन ।

(७) उपदफा (६) बमोजिम स्वीकृत युवा पत्रकारिता पुरस्कार प्राप्त गर्ने पत्रकारहरुको नाम मन्त्रालयको वेबसाइटमा प्रकाशन गरिनेछ।

(८) उपदफा (७) बमोजिम प्रकाशित नामावली विरुद्धमा कुनै दाबी विरोध भएमा मन्त्रालयमा प्रमाणसहित सात दिन भित्र उजुरी दिन सकिनेछ।

(९) उपदफा (८) बमोजिम परेको उजुरीमा समितिले छानबिन गरी आवश्यक देखेमा उपदफा (७) बमोजिमको स्वीकृत युवा पत्रकारिता पुरस्कार प्राप्त गर्ने पत्रकारहरुको नाम संशोधन गरी मन्त्रालयमा पुनः सिफारिस गर्न सक्नेछ।

(१०) मन्त्रालयले युवा पत्रकारिता पुरस्कार प्राप्त गर्ने पत्रकारहरुको अन्तिम सूची वेबसाइटमा प्रकाशन गर्नेछ।

(११) मन्त्रालयबाट एकपटक पुरस्कृत भएको पत्रकारलाई पाँच वर्ष पूरा नभई पुरस्कारका लागि पुन: मनोनयन वा छनौट गरिने छैन।

## परिच्छेद -४

📖 पहिलो संशोधनद्वारा थप।

## विविध

७. **युवा पत्रकारिता पुरस्कारको रकम**: (१) मन्त्रालयले प्रत्येक वर्ष युवा पत्रकारिता पुरस्कार प्रदान गर्नेछ।

(२) युवा पत्रकारिता पुरस्कारबाट सम्मानित हुने उत्कृष्ट पत्रकारहरुलाई सम्मान-पत्र सहित जनही रु. ५०,०००/- (अक्षेरुपी पचास हजार रुपैयाँ) को दरले पुरस्कार प्रदान गरिनेछ।

८. 🕮**कार्यविधि संशोधन गर्न सक्ने**: मन्त्रालयले आवश्यकतानुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ।

९. **बाधा अड्काउ फुकाउन सक्ने**: यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

🕮 पहिलो संशोधनद्वारा थप।

## *अनुसूची -१

## (दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

## युवा पत्रकारिता पुरस्कारका लागि मन्त्रालय समक्ष आवेदन गर्ने फारामको ढाँचा

मिति ..............................

श्रीमान् सचिवज्यू,
युवा तथा खेलकुद मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

**विषय : युवा पत्रकारिता पुरस्कार सम्बन्धमा।**

महोदय,

युवा तथा खेलकुद मन्त्रालयबाट मिति ........................मा प्रकाशित सार्वजनिक सूचना बमोजिम ...............आर्थिक वर्षमा प्रदान गरिने युवा पत्रकारिता पुरस्कार पाउँ भनी तपशिल बमोजिमको विवरण तथा कागजातहरूसहित यो आवेदन पेश गरेको छु।

**तपशिलः**

१. आवेदकको नाम, थर :- ..............................लिङ्ग :-.............. मोबाइल नं. : ...................
इमेल :..................

२. ठेगाना :-

(क) **स्थायी** : प्रदेश : ............... जिल्ला ................. गा.पा./न.पा. : .................... वडा नंः......

(ख) **हाल कार्यरत रहेको** : प्रदेश : ............... जिल्ला : ................ गा.पा./न.पा. :...................

(ग) **आबद्ध सञ्चार संस्था** : .........................

३. युवा पत्रकारिता क्षेत्रमा क्रियाशील रहेको अवधि :

४. अनुभवको विवरणः

५. आवेदन गर्नुको आधार :(दफा ४ को उपदफा (२) मा आधारित भई बुँदागत रूपमा उल्लेख गर्ने)

- 
- 

६. आवेदन दिएको क्षेत्र :(दफा ३ मा उल्लेखित क्षेत्रमध्ये आवेदन दिएको क्षेत्र उल्लेख गर्ने)

- 

७. युवा पत्रकारिता क्षेत्रमा हाल क्रियाशील रहेको जिल्लाः

................................
आवेदकको दस्तखत

**संलग्न गर्नुपर्ने कागजात** :

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(ख) पत्रकार परिचयपत्रको प्रतिलिपि।

(ग) युवा विकासका विषयमा पत्रकारद्वारा प्रकाशित, प्रसारित सामग्री/श्रृङ्खलाको मुद्रित वा विद्युतीय प्रति।

---

*पहिलो संशोधनद्वारा संशोधित।

(घ) प्रेस काउन्सिल नेपाल तथा नेपाल पत्रकार महासंघबाट कुनै कारवाहीमा नपरेको स्वघोषणा।
(ङ) अनुभव सम्बन्धी कागजातहरु।
(च) कुनै फौजदारी अभियोगमा दोषी नठहरिएको भनी स्वघोषणा।
(छ) सरकारी पेश्की तथा बेरुजु नरहेको स्वघोषणा।

**<u>उल्लेखित व्यहोरा साँचो हो भनी सिफारिस गर्ने वरिष्ठ पत्रकारको हकमा</u>** :-

(क) दस्तखत: नाम, थर: परिचयपत्र नम्बर:
संलग्न पेशा/व्यवसाय: सम्पर्क नं.:

(ख) दस्तखत: नाम, थर: परिचयपत्र नम्बर:
संलग्न पेशा/व्यवसाय: सम्पर्क नं.:

**वा**

**<u>उल्लेखित व्यहोरा साँचो हो भनी सिफारिस गर्ने संस्था प्रमुखको हकमा</u>** :-

संस्था प्रमुखको नामः
दस्तखत:
संस्थाको नामः
ठेगाना:
सम्पर्क नं.:

संस्थाको छाप